नेत्र कुमार खत्री
सशस्त्र प्रहरी उपरीक्षक
गणपति

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल
# नं. १८ गण हे.क्वा. निलबाराही, किर्तिपुर, काठमाण्डौ
(आर्थिक प्रशासन शाखा)

## पुराना सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०२/२० गते ।

सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलबाराही किर्तिपुर, काठमाण्डौमा अवस्थित रहेका तपसिल बमोजिमका विभिन्न पुराना सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुराना सवारी साधनहरुको बिवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | टाटा पानी ट्याङ्कर थान-१ | ५०२,२८३।८ | १०००।- | नामसारी हुने |
| | टाटा LPT ट्रक थान- १ | | | नामसारी हुने |
| | टाटा मोबाईल थान- १ | | | नामसारी नहुने |
| | हिरोहण्डा CBZ मोटरसाईकल थान - २ | | | नामसारी नहुने |
| | यामाहा FZS मोटरसाईकल थान- १ | | | नामसारी नहुने |
| | बजाज पल्सर मोटरसाईकल थान -२ | | | नामसारी नहुने |
| | बजाज डिस्कभर मोटरसाईकल थान- ३ | | | नामसारी नहुने |

बोलपत्र फाराम मिनाहामोजरा शाखा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलबाराही काठमाण्डौबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०७६/०३/०८ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम २२ औं दिन (मिति २०७६/०३/०९ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलबाराही किर्तिपुर, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ. दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारण वस सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरीनेछ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. १८ गण हे.क्वा. निलबाराही किर्तिपुर, काठमाण्डौको कार्यालय कोड नं. २७-३१४-६५ को कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वर काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय टेकु, काठमाण्डौको धरौटी खाता नं. १७००२०३ मा नगदै दाखिला गरी सो को सक्कले भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कले बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी सवारी साधनहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्ने छ । उल्लेखित सवारी साधनहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-४३३३७५५ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।